## चौदण्डीगढी नगरपालिकाको
## आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) ऐन, २०८१
### प्रस्तावनाः

चौदण्डीगढी नगरपालिकाबाट गरिने आर्थिक सहायता वितरण कार्यलाई नियमित, व्यवस्थित तथा पारदर्शी बनाउन सीमित स्रोत र साधनलाई उचितरुपमा प्रयोग गर्दै आर्थिक सहायता वितरणलाई वास्तविक, उपयोगी र पारदर्शीबनाउन वाञ्छनीय भएकोले,

चौदण्डीगढी नगरपालिकाले चौदण्डीगढी नगरपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) ऐन, २०८१बनाई लागू गरेकोछ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "चौदण्डीगढी नगरपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२.परिभाषा र व्याख्या : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "नगरपालिका" भन्नाले चौदण्डीगढी नगरपालिका सम्झनु पर्दछ।

(ख) "नगर कार्यपालिका" भन्नाले चौदण्डीगढी नगर कार्यपालिका सम्झनु पर्दछ।

(ग) "प्रमुख" भन्नाले यस नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(घ) "उपप्रमुख" भन्नाले यस नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(च) "आर्थिक सहायता" भन्नाले यस ऐन बमोजिम उपलब्ध गराइने आर्थिक सहायता सम्झनु पर्दछ।

(छ) "वडा समिति" भन्नाले नगर कार्यपालिकाको वडा समिति सम्झनु पर्दछ।

(ज) "सभा" भन्नाले यस नगरपालिकाको नगरसभा सम्झनु पर्दछ।

## परिच्छेद२
## आर्थिक सहायताको लक्षित वर्ग तथा क्षेत्रहरु

**३.आर्थिक सहायताको लक्षित वर्ग तथा क्षेत्रहरु :**यस नगरपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायताको लक्षित वर्ग तथा सम्भाव्य क्षेत्रहरु देहाय बमोजिम हुनेछन्।

(क) आर्थिकरुपमा ज्यादै जोखिममा रहेका व्यक्ति वा समूह,

(ख) मानवीयहीत, कल्याण वा संरक्षणको दृष्टिले सहायता गर्नुपर्ने भनी पहिचान भएका व्यक्ति वा समूह,

(ग) आर्थिक सहायता प्रदान गर्न अति आवश्यक भनी नगर कार्यपालिकाको बैठकबाट सर्वसम्मतरुपमा निर्णय गरिए बमोजिमका लक्षित वर्गको मानवीय हीतका लागि समर्पित गैह्रनाफामूलक संघ, संस्थाहरु,

(घ) विभिन्न दीर्घरोग लागेर उपचार गर्न नसकेको वा उपचार गराइरहेको व्यक्तिहरु,

(ङ) ठुला रोगहरु क्यान्सर, मृगौला, मुटुसम्बन्धि विरामीहरुलाई,

(च) नेपाल सरकार वा अन्य निकायबाट प्रदान हुने आर्थिक सहायता प्राप्त गर्न नसकेका विपन्न नागरिक

## परिच्छेद-३
## आर्थिक सहायता प्राप्त हुने मानवीय संकटहरु

**४.नगरपालिका क्षेत्रभित्र आइपर्न सक्ने विपद् तथा संकटहरु :** चौदण्डीगढी नगरपालिका भौगोलिक, आर्थिक, सामाजिक र साँस्कृतिक विविधताको नगरपालिका भएकोले यस नगरपालिका क्षेत्रभित्र आइपर्न सक्ने विपद् तथा संकटहरु निम्नअनुसार रहेका छन्।

(क) प्रकृतिक तथा मानवजन्य संकटहरु

(१) भुकम्प
(२) बाढी पहिरो
(३) चटयाङ्ग
(४) हुरी बतास
(५) आगोलागी
(६) वेवारिसे मृत्यु
(७) सडक दुर्घटना
(८) करेन्ट, साधन तथा औजार
(९) घरपालुवा तथा जंगली जनावरको आक्रमण

(ख) महामारी तथा दीर्घरोगजन्य

(१) क्यान्सर
(२) मृगौला
(३) मुटुरोग
(४) एच.आइ.भी.एड्स
(५) पार्किन्सन्स
(६) अल्जाइमर्स

(७) स्पाइनल इन्जुरी

(८) हेड इन्जुरी

(९) सिकलेस एनिमिया

(१०) अन्य महामारी

## परिच्छेद-४

## आर्थिक सहायता प्राप्त हुने संस्थागत क्षेत्रहरु

**५.** आर्थिक सहायता प्रदान गर्न अति आवश्यक भनी नगर कार्यपालिकाको बैठकबाट सर्वसम्मत रुपमा निर्णय गरिए बमोजिमका लक्षित वर्गको मानवीय हीतका लागि समर्पित गैह्र नाफामूलक संघ, संस्थाहरु आर्थिक सहायता प्राप्त गर्न योग्य रहनेछन् ।

**६.** जातिय धर्म संस्कृतिको जगेर्ना गर्नका निमित्त स्थापना भएका संघसंस्थाहरुको हकमा सम्बन्धित कार्य गर्नको निमित्तमात्र नगर कार्यपालिकाको बैठकबाट सर्वसम्मतरुपमा निर्णय गरिए बमोजिम आर्थिक सहायता प्राप्त गर्न योग्य रहनेछन् ।

## परिच्छेद-५

## आर्थिक सहायता रकम

**७.आर्थिक सहायता रकम :**परिच्छेद ३ बमोजिमका संकटहरु पूर्णरुपमा समाधान गर्न नसकिने र न्यूनीकरणका उपायहरु अपनाउँदा अपनाउँदै गर्दा समेत संकट आइपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केही मात्रामा भएता पनि राहत पुग्ने महसुस गर्दै तपसिल अनुसारको आर्थिक सहायता प्रदान गरिनेछ ।

**क. मृत्यु भएमा (मृतकका परिवारका लागि तत्काल राहत पुग्ने गरी) :**

| **कारण** | **सहायता गर्न सकिने रकम (काजक्रिया खर्च प्रति व्यक्ति)** | **वितरणका आधारहरु** |
|---|---|---|
| आगलागी | रु.१०,०००/- | • हकवालाको निवेदन<br>• नागरिकताको प्रतिलिपि<br>• प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र<br>• प्रहरी सर्जमिन मुचुल्का<br>• मृत्यु दर्ता प्रमाणपत्र<br>• नाता खुल्ने कागजात |
| दुर्घटना (करेन्ट, चटयाङ्ग, साधन तथा औजारबाट) | रु.१०,०००/- | |
| रुख, खोलानाला, भीर पहिरो आदि | रु.१०,०००/- | |
| दैवी/प्राकृतिक विपत्ति(बाढी-पहिरो, हुरी-बतास आदि) | रु.१०,०००/- | |
| न.पा. को वैदेशिक रोजगारका क्रममा मृत्यु भएको | रु.१०,०००/- | |

| | | |
|---|---|---|
| जनावरबाट क्षति (हात्ती, सर्प, बाघ, भालु, कुकुर आदि) | रु.१०,०००/- | |

**ख. घाइते तथा उपचारको क्रममा रहेको:**

| **कारण** | **सहायता गर्न सकिने रकम (प्रति व्यक्ति)** | **वितरणका आधारहरु** |
|---|---|---|
| आगलागी | रु.१०,०००/- | • सम्बन्धित व्यक्ति वा संरक्षकको निवेदन<br>• नागरिकताको प्रतिलिपि<br>• प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र<br>• विरामी दर्ता पुर्जा तथा चिकित्सकीय कागजात<br>• संरक्षकको हकमा नाता खुल्ने कागजात |
| दुर्घटना (करेन्ट, चटयाङ्ग, साधन तथा औजारबाट) | रु.१०,०००/- | |
| रुख, खोलानाला, भीर पहिरो आदि | रु.१०,०००/- | |
| दैवी/प्राकृतिक विपत्ति(बाढी-पहिरो, हुरी-बतास आदि) | रु.१०,०००/- | |
| जनावरबाट (हात्ती, सर्प, बाघ, भालु, कुकुर आदि) | रु.१०,०००/- | |

**ग. गम्भिर प्रकृतिका रोगीहरु (रोगी उपचारको क्रममा हुनुपर्ने)**

| **रोगका प्रकारहरु** | **सहायता गर्न सकिने रकम (प्रति व्यक्ति)** | **वितरणका आधारहरु** |
|---|---|---|
| क्यान्सर | रु. १०,०००/- | • सम्बन्धित व्यक्ति वा संरक्षकको निवेदन<br>• नागरिकताको प्रतिलिपि<br>• प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र<br>• विरामी दर्ता पुर्जा तथा चिकित्सकीय कागजात<br>• संरक्षकको हकमा नाता खुल्ने कागजात |
| मृगौला | रु. १०,०००/- | |
| मुटु | रु. १०,०००/- | |
| स्पाइनल इन्जुरी | रु. १०,०००/- | |
| दम | रु. १०,०००/- | |
| मधुमेह | रु. १०,०००/- | |
| उच्च रक्तचाप | रु. १०,०००/- | |
| पथरीया | रु. १०,०००/- | |
| एच.आइ.भी.एड्स | रु. १०,०००/- | |
| पार्किन्सन्स | रु. १०,०००/- | |
| अल्जाइमर्स | रु. १०,०००/- | |

| | | |
|---|---|---|
| स्पाइनल इन्जुरी | रु. १०,०००/- | |
| हेड इन्जुरी | रु. १०,०००/- | |
| सिकलेस एनिमिया | रु. १०,०००/- | |
| अन्य महामारी | रु. १०,०००/- | |

**घ. घरबास तथा अन्नबाली क्षतिः**

| **क्षतिको प्रकारहरु** | **सहायता गर्न सकिने रकम** | **वितरणका आधारहरु** |
|---|---|---|
| जनावर आतंक | रु.१०,०००/- | • सम्बन्धित व्यक्तिको निवेदन<br>• निवेदकको नागरिकताको प्रतिलिपि<br>• प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र<br>• प्रहरी सर्जमिन मुचुल्का<br>• कृषि तथा पशु विकास शाखाको सिफारिस |
| आगलागी | रु.२,००,०००/- | |
| बाढी पहिरो | रु.२०,०००/- | |
| हुरी बतास | रु.१०,०००/- | |
| चटयाङ | रु.१०,०००/- | |

**ङ. बेवारिसे मृत्यु तथा विपन्न परिवार किरिया खर्चः**

| **क्षतिको प्रकारहरु** | **सहायता गर्न सकिने रकम** | **वितरणका आधारहरु** |
|---|---|---|
| बेवारिसे मृत्यु (लास व्यवस्थापन) | रु.१५,०००/- | • प्रहरी मुचुल्का<br>• सम्बन्धित वडाको सिफारिस |
| बिपन्न परिवार किरिया खर्च | रु.१०,०००/- | • हकवालाको निवेदन<br>• निवेदकको नागरिकताको प्रतिलिपि<br>• विपन्न नागरिक परिचयपत्र<br>• प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र<br>• मृत्यु दर्ता<br>• नाता खुल्ने कागजात |

**च.**दफा ५ बमोजिमको संघसंस्थाको हकमा संस्थाको निवेदन, संस्था दर्ता प्रमाणपत्र, नवीकरण, लेखापरीक्षण प्रतिवेदन पेश गरी कार्यपालिकाले निर्णय बमोजिमको रकम उपलब्ध गराइनेछ ।

**छ.** दफा ६ बमोजिमको संघसंस्थाको हकमा संस्थाको निवेदन,संस्था दर्ताको प्रमाणपत्र, नवीकरण, लेखापरीक्षण प्रतिवेदन, तोकिए बमोजिम कार्य गरेको प्रमाण तथा कागजपत्र, आवश्यक फोटोहरु संलग्न गरेमा नगरकार्यपालिकाले निर्णय गरेको रकममा नबढ्ने गरी रकम उपलब्ध गराईनेछ ।

**ज.** माथि उल्लेखित विषयमा नपरेका वा छुट भएका जनुसुकै विषयहरु आएमा र नगर प्रमुखलाई मनासिव लागेमा नगर प्रमुखको आदेशबाट रु.१५०००/- सम्म भुक्तानी दिन सकिनेछ।

## परिच्छेद-६
## आर्थिक सहायता वितरण प्रकृया

**८.आर्थिक सहायता वितरण प्रकृया :**(१) आर्थिक सहायता पाउन योग्य व्यक्ति तथा संस्थाले सम्बन्धित वडा कार्यालयको सिफारिसमा तोकिएको ढाँचामा सो सहायता पाउनुपर्ने आधार, प्रमाण र कारण खुलाई नगर कार्यपालिकाको कार्यालयमा अनुसूची-१ बमोजिमको निवेदन दिनु पर्नेछ।

(२) आर्थिक सहायता र सो को प्रकृया देहाय बमोजिम हुनेछ-

(क) रु.१५००० ।- (रु. पन्ध्र हजार रुपैयाँ) सम्मको आर्थिक सहायता नगरपालिकाको प्रमुखले उपलब्ध गराउन सक्नेछ।

(ग) रु.१५००१/- (रु. पन्ध्र हजार एक) भन्दा माथिको आर्थिक सहायता नगर कार्यपालिकाको बैठकबाट निर्णय गर्नु पर्नेछ।

**९.आर्थिक सहायता वितरणका पूर्व शर्त :**यस ऐन बमोजिम आर्थिक सहायता उपलब्ध हुने व्यक्ति वा सामूदायिक संस्थाको लागि देहायको पूर्व शर्त पुरा गरेको हुनु पर्नेछ।

(क) यस ऐनमा तोकिएको मापदण्ड पूरा भई नगरपालिकाको पेश्की बेरुजु नभएको,

(ख) नगरपालिकालाई नियमानुसार तिर्नु पर्ने कर, महशुल, सेवा शुल्क आदि तिरेको,

(ग) संगठित संस्थाको हकमा करचुक्ता प्रमाणपत्र प्राप्त गरेको,

(घ) नेपाल सरकारको कुनै निकायमा विधि पूर्वक दर्ता भएको वा नगरपालिका भित्र स्थापना भएको संगठि तसंस्थाको हकमा नियमानुसार यस नगरपालिकामा दर्ता भएको,

(ङ) वार्षिक लेखा परीक्षणको व्यवस्था भई आधिकारिक निकायबाट सो अनुसार लेखा परीक्षण गरेको,

**१०.प्राप्त आर्थिक सहायता तोकिएको प्रयोजनमा खर्च गर्नु पर्ने :**(१) यस नगरपालिकाबाट जुन प्रयोजनका लागि जे जति रकम आर्थिक सहायताको रुपमा प्राप्त गरेको हो सोही प्रयोजनका लागि सो रकम खर्च गरेको हुनु पर्नेछ। सो विपरित खर्च भएको भनी उजुरी परेमा त्यसलाई प्रमाणित गर्ने दायित्व आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति वा संस्थाको हुनेछ । त्यसरी प्रमाणित गर्न नसकेमा सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी नगर कार्यपालिकाको कार्यालयमा त्यसरी सहायता प्राप्त गरेको ३० दिनभित्र गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको उजुरीको सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयले छानविन गरी निर्णय गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम गरिएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद७

## विविध

**११.प्रतिवेदन पेश गर्नु पर्ने :**(१) यस नगर कार्यपालिकाको कार्यालयबाट त्रैमासिक रुपमा वितरण भएका आर्थिक सहायताहरुको एकमुष्ट विवरण प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा प्रमुखप्रशासकीय अधिकृतले कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ।

(२) आवश्यक ठहरेमा नगर कार्यपालिकाबाट वितरित आर्थिक सहायताको सदुपयोग भए नभएको सम्बन्धमा समिति गठन गरी स्थलगत अनुगमन गरी आवश्यक निर्देशन गर्न सक्नेछ।

**१२.यसै ऐन बमोजिम भए गरेको मानिने :** यस अघि यस नगरपालिकाबाट प्रदान गरिएका आर्थिक सहायता समेत यसै ऐन बमोजिम भए गरेको मानिने छ।

**१३.खारेज गरिएको :**यसनगरपालिकाको स्वास्थ्य राहत कोष कार्यविधि, २०७६ खारेज गरिएको छ।

**१४.नियमावली तथा कार्यविधि बनाउन सक्ने :**यसऐन बमोजिम गरिने कार्यलाई थप व्यवस्थित बनाउन नगर कार्यपालिकाले आवश्यक नियमावली तथा कार्यविधि बनाउन सक्नेछ ।

**अनुसूची-१**
**(व्यक्तिको हकमा)**
**(दफा ८ (१) सँग सम्बन्धित)**

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
चौदण्डीगढी नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर।

**विषय : आर्थिक सहायता उपलब्ध गराई पाउँ।**

महोदय,

प्रस्तुत बिषयमा यस नगरपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) ऐन, २०८१ बमोजिम पाउने आर्थिक सहायता रु................. (अक्षरेपीरु. ....................................) उपलब्ध गराइ दिनु हुन तपसिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु। साथै मेरो यस नगरपालिकासँग सम्बन्धित तिर्नु बुझाउनु वा फछ्यौट गर्नु पर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको जानकारी गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्तग रेकोहो,सोही प्रयोजनका लागि खर्च गर्ने सो नगरेको पाइएमा जुनसुकै कारवाही, सजाय वा जरिवाना सहन, भोग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ।

निवेदकः-
दस्तखत :
नाम, थर :
स्थायी ठेगाना :
सम्पर्कनं. :

**तपसिलः-**

- ☐ नागरिकताको प्रतिलिपि
- ☐ वडा कार्यालयको सिफारिस पत्र
- ☐ प्रहरी सर्जमिन मुचुल्का
- ☐ विपन्न नागरिक परिचयपत्र
- ☐ मृत्यु दर्ता प्रमाणपत्र
- ☐ नाता खुल्ने कागजात
- ☐ विरामी दर्ता पुर्जा तथा चिकित्सकीय कागजात
- ☐ कृषि तथा पशु विकास शाखाको सिफारिस

**अनुसूची-२**
**(संस्थाको हकमा)**
**(दफा ८(१) सँग सम्बन्धित)**

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
चौदण्डीगढी नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर।

**विषय : आर्थिक सहायता उपलब्ध गराई पाउँ।**

महोदय,

प्रस्तुत बिषयमा यस नगरपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) ऐन, २०८१ बमोजिम पाउने आर्थिक सहायता रु................. (अक्षरेपीरु. ....................................) उपलब्ध गराइ दिनु हुन तपसिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु। साथै मेरो यस नगरपालिकासँग सम्बन्धित तिर्नु बुझाउनु वा फछ्यौट गर्नु पर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको जानकारी गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो, सोही प्रयोजनका लागि खर्च गर्ने सो नगरेको पाइएमा जुनसुकै कारवाही, सजाय वा जरिवाना सहन, भोग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ।

निवेदकः-
संस्थाको नाम :
संस्थाको ठेगाना :
अध्यक्षवाप्रमुखकोनामथर :
सम्पर्कनं. :

**तपसिल**

१.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान
२.संस्था दर्तातथा नविकरण
३.करचुक्ता प्रमाणपत्रको प्रतिलिपि १ थान
४.सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनु पर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र १ थान

अनुसूची-३

(दफा ११(१)सँग सम्बन्धित)

प्रतिवेदनको ढाँचा

| क्र.सं. | सहायता पाउने व्यक्ति वा संस्थाको नाम, थर | ठेगाना | सम्पर्क नं. | सहायता लिएको रकम | प्रयोजन | संस्थाको हकमा भए सो संस्थाको अध्यक्ष / प्रमुख व्यक्ति र सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

<u>प्रमाणिकरण गर्नेको:</u>

दस्तखतः

नाम थरः

दर्जाः

मितिः

कार्यालयको छापः